ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी,सर्लाही
मधेश प्रदेश,नेपाल

# निःशुल्क आधारभुत स्वास्थ्य सेवाको लागि औषधी तथा औषधीजन्य सामाग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८२।०९।०७ गते

चालु आ.ब. २०८२/८३ को वार्षिक कार्यक्रम अनुसार यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागी आवश्यक पर्ने निःशुल्क स्वास्थ्य सेवाको लागि औषधी तथा औषधीजन्य सामानहरु सिलवन्दी दरभाउपत्रको माध्यम द्वारा खरिद/आपुर्ति गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरुको आधारमा योग्य दरभाउपत्रदाताबाट खरिद/आपुर्तिको लागि यो सिलबन्दी दरभाउपत्र सूचना आव्हान गरिएको छ ।

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रू.१,०००।-(अक्षरेपि रु. एक हजार रुपैंया) फिर्ता नहुने गरी यस पालिकाको नबिल बैंकमा रहेको आन्तरिक राजस्व खाता न ग.१.१ २१७०१०१७५०००२७ मा वा नगदै बुझाएको सक्कल नगदी रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समय भित्र दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालय बाट दरभाउपत्र खरिद गर्न सक्ने छन् । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. २०८२।८३ को लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र,आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपी र आ.ब. २०८१।०८२ को कर चुक्ता वा म्याद थप गरेको प्रमाण का साथै आवश्यक कागजातका प्रतिलिपिहरु संलग्न राखी निवेदन साथ पेश गर्नु पर्ने छ ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस गाउँपालिकाको कार्यालयमा सिलबन्दी दरभाउ पत्र दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएको दरभाउपत्र १६ औं दिनको १४;०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छन् । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिने छ ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम ब्रह्मपुरी गाउँपालिकाको कार्यालय,सर्लाही को नाममा रहेको **नबिल बैंक लि. ब्रह्मपुरी शाखा,सर्लाहीमा रहेको धरौटी खाता नं. २१७०१०१७५०००१७** मा जम्मा गरी सक्कलै बैंक भौचर वा कम्तीमा दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि ७५ दिनको मान्य अवधि भएको मान्यता प्राप्त बाणिज्य बैंकको बैंक ग्यारेन्टी दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।

४. आपुर्ति गर्ने औषधीहरु WHO/GMP Certified हुनुपर्ने छ। नविकरण गरिएको प्रमाणपत्र र औषधी व्यवस्था विभागबाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञा पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. धुलो र झोल औषधीबाहेक अन्य औषधीहरु STRIP मा आपुर्ति गर्नु पर्नेछ।

६. आपुर्ति हुने औषधीहरु EXPIRY DATE जिन्सी दाखिला हुने समयमा कम्तिमा १८ महिना बाकी हुनु पर्नेछ। तर कुनै औषधीको EXPIRY DATE १८ महिना भन्दा कम हुने अवस्थामा कुल EXPIRY DATE को ७५% म्याद बाँकी हुनु पर्नेछ।

७. सप्लाई हुने औषधीको प्रत्येक STRIP/LABELLING/PACKAGING को बाहिर उत्पादन मिति,म्याद सकिने मिति,ब्याच न र उत्पादक कम्पनिको नाम तथा INSTITUTIONAL SUPPLY ONLY भन्ने व्यहोराहरु उल्लेख भएको हुनु पर्नेछ।

८. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रको दाताको आधिकारिक व्यक्तिको सहि/छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ।

९. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४० को २(ङ) बमोजिम दरभाउपत्र दाताले खरिद कार्यमा अयोगय नभएको,प्रस्तावित खरिद कार्यमा स्वार्थ नवाझिएको र व्यवसाय सम्वन्धी कुनै कसुरमा सजाय नपाएको भनि स्वघोषणा पत्र पेश गर्नु पर्नेछ।

१०. गाउँपालिकाको हित लाई ध्यानमा राखी प्राप्त हुन आएका दरभाउपत्र स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै दरभाउपत्रमा उल्लेख भएका औषधीहरुको परिमाण थप घट हुन सक्ने छ । यसरी थप घट भएता पनि दरभाउ पत्रदाताले कवोल गरेकै दररेटमा उपलव्ध गराउनु पर्नेछ । स्वीकृत वजेटको स्थिति अनुसार खरिद गरिनेछ ।

११. उपरोक्त सर्त वाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुने छ । दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र वुझ्न सकिने छ।

**विवरण**

| सिलबन्दी दरभाउ पत्र न. | सिलबन्दी दरभाउपत्रको नाम | लागत अनुमान रकम रु.(भ्याट सहित) | धरौटी रकम | दरभाउपत्र फाराम दस्तुर रु |
|---|---|---|---|---|
| ०३ BRM।२०८२।८३ | निःशुल्क आधारभुत_स्वास्थ्य सेवाको लागि औषधी तथा औषधीजन्य सामाग्री खरिद | रु.४६,६४,९७८।१० | रु.१,३०,०००।०० | रु.१०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner